नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-४४१२४३२, ०१-४४१२७३७
Ext. : ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्याः (०७८/०७९) च.नं.:-

मिति: २०७९।०३।२७ गते

प्रा.प.सं. :

विषयः **प्रेस विज्ञप्ति ।**

नेपाल प्रहरीका लागि आवश्यक पर्ने हात-हतियार खरिद सम्बन्धी बिषयलाई लिएर केही दैनिक पत्रिका र अनलाईनमा प्रकाशित समाचारप्रति नेपाल प्रहरी प्रधान कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । लामो समयदेखि नेपाल प्रहरीले हात-हतियारको अभावको समस्या झेल्दै आएको परिप्रेक्ष्यमा नेपाल सरकारबाट हात-हतियार खरिदका लागि विनियोजित रकमबाट सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून अनुसार नेपाल प्रहरीको कार्य सम्पादनलाई थप प्रभावकारी बनाउन नेपाल प्रहरीलाई आवश्यक हात-हतियार खरिद गर्ने प्रकृयामा रहेको छ । नेपाल प्रहरीको संगठनात्मक ढाँचा र दरवन्दीमा पछिल्लो समयमा भएको बढोत्तरी एवं सात बर्ष भन्दा लामो समयदेखि प्रहरीलाई अत्यावश्यक रहेको हात-हतियार खरिद नभएकोले नेपाल प्रहरीले आवश्यक हात-हतियारको चरम अभाव झेल्दै आएको वास्तविकता जानकारी गराउन चाहन्छौ ।

समय-समयमा जनधनको क्षति हुने, शान्ति र अमन-चयन खलवल्याउने प्रकृतिका दंगा फसाद, सार्वजनिक अशान्ति, हिंसात्मक गतिविधिलाई नियन्त्रण गरी आम नागरिकमा सुरक्षाको थप अनुभूति दिलाउन प्रयोग हुँदै आएको कम घातक हात-हतियार, छोटो दुरीको पेस्तोल, सर्टगन र ग्याँस सेलहरूको आवश्यकता रहँदै आएको छ । मौजुदा हात-हतियारहरु खटिने जनशक्तिलाई अपुग हुने, पुरानो भई काम नगर्ने, विग्रने र मिति समाप्त हुने हात-हतियारलाई क्रमशः विस्थापन गरी प्रयोग मिति समाप्त भएका ग्याँस सेलको प्रयोगमा उठ्न सक्ने प्रश्न चिन्ह समेतको आधारमा अत्यावश्यक ग्याँस सेल खरिद, व्यक्तिगत सुरक्षामा प्रयोग हुने साना हतियार र भीड नियन्त्रणमा समेत प्रयोगमा आउने कम जोखिमयुक्त हात-हतियार खरिद अत्यावश्यक रहेको छ । प्रहरी काम कारवाहीलाई वर्तमान अवस्थामा मानवअधिकारका मान्य सिद्धान्तहरुको कदर गर्दै समाजमा शान्ति सुरक्षा र अमन-चयन कायम गरी सुरक्षाको थप प्रत्याभूति दिलाउन समेत हात-हतियार खरिद गर्नु पर्ने आवश्यकता रहेको छ । राज्यको सीमित श्रोत-साधनबाट नेपाल प्रहरीको अत्यावश्यक सामाग्री खरिदमा विनियोजन भएको बजेटबाट तत्कालको आवश्यकतालाई मध्यनजर गर्दै खरिद प्रकृया हुने हुँदा खरिद प्रकृया बारेमा सार्वजनिक चासो, चिन्ता र सकारात्मक अपेक्षाको उच्च मूल्याँकन गर्दै प्रचलित खरिद सम्बन्धी ऐन, नियम र कार्यविधिमा व्यवस्था भए बमोजिम पारदर्शी ढंगले खरिद प्रकृया अवलम्बन गर्न नेपाल प्रहरी प्रधान कार्यालय सदैव सचेत, सजग एवं संवेदनशील रहेको व्यहोरा अनुरोध गरिएको छ ।

साथै आगामी संघ तथा प्रदेश सभाको निर्वाचन समेतलाई शान्तिपूर्ण, भयरहित, स्वतन्त्र र निष्पक्षरुपमा सम्पन्न गर्न तथा नागरिकको जीउधनको सुरक्षाका लागि पनि हात-हतियार अति आवश्यक भएको वास्तविकता समेत जानकारी गराउन चाहन्छु ।

प्रहरी नायब महानिरीक्षक
(टेक प्रसाद राई)
केन्द्रीय प्रहरी प्रवक्ता

Website: https://www.nepalpolice.gov.np, E-mail: phqigs@nepalpolice.gov.np, phqigscpr@nepalpolice.gov.np